# लुम्बिनी बैंक लिमिटेड
# Lumbini Bank Limited


कर्पोरेट कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४३४१५८/४४१३६३६, फ्याक्सः ९७७-१-४४३७१६९


को

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०६८/७/१ गते)

**श्री शेयरधनी महानुभाव ज्यूहरू,**

यस बैंकको मिति २०६८ साल असोज ८ गते बसेको संचालक समितिको ३०२ औं बैठकको निर्णय अनुसार यस बैंकको चौधौं बार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। साधारण सभा सम्बन्धी सम्पूर्ण विवरणहरु शेयरधनी महानुभावहरुलाई समयमा नै पठाईने व्यहोरा अवगत गराउदै सभामा उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०६८ साल मंसीर २ गते, शुक्रवार (तद्नुसार नोभेम्वर १८, २०११)
**समय** : बिहान १०:०० बजे
**स्थान** : उद्योग वाणिज्य संघ, नारायणगढ, चितवन

**छलफल हुने विषयः**

**क. सामान्य प्रस्ताव :**

१. संचालक समितिको प्रतिवेदन २०६७/६८ पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७/६८ को नाफा-नोक्सान हिसाव तथा नगद-प्रवाह विवरण स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस अनरुप आ.व.२०६८/६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (बर्तमान लेखापरीक्षक श्री खगेन्द्र एण्ड एशोसिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ।)
४.संचालकहरुको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धमा।

**ख. विशेष प्रस्तावः**

१ मिति २०६८/०६/०८ गते बसेको संचालक समितिको ३०२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम नगद लाभांश तथा बोनश शेयर प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरि पारित गर्ने।
(क) १० प्रतिशतका दरले बोनश शेयर जारी गर्ने-बिशेष प्रस्ताव,
(ख) संचालक समितिले शेयरधनीहरुलाई बोनश शेयर जारी गर्दा लाग्ने कर वापत ०.५३ प्रतिशत (रु.६८,४२,१०५/-) नगद लाभांश विनियोजन गर्न गरेको सिफारिसलाई छलफल गरी पारित गर्ने-बिशेष प्रस्ताव,

२. प्रवन्धपत्र तथा नियमावली संशोधन सम्वन्धी बिशेष प्रस्ताव पारित गर्ने। साथै, उक्त संशोधनमा कुनै नियम निकायहरुबाट फेरबदल गरिएमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने।
(क) पूँजी बृद्धी (प्रस्तावित बोनश शेयर जारी भएपश्चात् पूँजी बृद्धी हुने भएकोले सोही बमोजिम मिलान गर्न)
(ख) संचालकहरुको पारिश्रमिक भत्ता र सुविधा बृद्धि गर्ने सम्बन्धमा वार्षिक साधारण सभाबाट पारित भए अनुरुप आवश्यक संशोधन गर्ने।

**ग. विविध।**

सञ्चालक समितिको आज्ञाले,
**(दिपक गौतम)**
**कम्पनी सचिव**

**सभा सम्बन्धी सामान्य जानकारीः**

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्रका साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन। शान्ति सुरक्षालाई दृष्टिगत गरि साथमा झोला र अन्य त्यस्ता वस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ। बैंकको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनेछ। कारणवस कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा बैंकको केन्द्रीय कार्यालय, नारायणगढ वा कर्पोरेट कार्यालय, नक्साल, काठमाण्डौंबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सक्नु हनेछ।
२. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, नारायणगढमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ।
३. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भएतापनि स्वतः बदर हुने छ। प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस भनी छुट्टै पत्र समेत लेखि पठाउनु भएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ आएको प्रतिनिधि पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ। सोको लिखित सूचना सोही अवधिभित्र बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। सो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधि पत्र (प्रोक्सी) समयमै बैंकमा प्राप्त भएतापनि सबै बदर हुनेछ।
४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
५. संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।
६. शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत बैंक सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा संचालक समितिबाट आदेश पाएका व्यक्तिले उत्तर दिनेछन्।
८. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका बिहान १०.०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।
९. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका शेयरधनीहरुले बैंकको शेयर रजिष्ट्रार श्री नागरिक लगानी कोष पुतलीसडक, काठमाडौं स्थित कार्यालयबाट शेयर प्रमाणपत्र लिन हुन अनुरोध छ।
१०. यस बैंकको वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल-खारेज मिति २०६८/०७/०८ गते देखि २०६८/०८/०२ गतेसम्म बन्द रहनेछ।
११. अन्य जानकारीको लागि बैंकको कर्पोरेट कार्यालय नक्साल काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ।